आन्तरीक लेखा परीक्षण प्रतिवेदन

नार्पा भूमि गाउँपालिका, च्याँखु ,मनाङ

आर्थिक वर्ष २०७९/०८०

आन्तरीक लेखा परीक्षण शाखा

नार्पा भूमि गाउँपालिका ,च्याखुँ मनाङ ।

आन्तरिक लेखापरीक्षण प्रतिवेदन २०७९।०८०

.कार्यालयको **नामः नार्पा भूमी** गाउंपालिका गाउंकार्यपालिकाको **कार्यालय**

१. **प्रतिवेदनको अवधिः** 2079/080

२. **कार्यालय प्रमुखको नामः १.** महेश पाखिन (मिति २०७९।०४।०१ देखि २०८०।०३।३१ सम्म)

३. **आर्थिक प्रशासन शाखा प्रमुखको नामः १.** खिल बहादुर कुमाल (मिति २०७९।०४।०१ देखि २०८०।०३।३१ सम्म)

४. लेखापरीक्षणको **क्रममा देखिएको संक्षिप्त विवरण**

तयार गर्ने - चिरञ्जीवी सिग्देल (आन्तरिक लेखापरिक्षक)

आय व्ययको विवरण २०७९/०८०

नार्पाभुमि गाउँपालिकाको कार्यालय, मनाङ्ग

आम्दानी खर्चको विवरण

आर्थिक वर्ष २०७९।०८०

सि.नं	आयतर्फ विवरण	रकम	स.नं	व्यय तर्फ विवरण	रकम
1	गत वर्षको मौज्दात	90326611.67	1	चालु खर्च	52413073.66
	क)नगद	0.00		क)चालु खर्च (गाउँपालिका तर्फ)	37467047.17
	ख) संचित कोष	82705145.07		ख)चालु खर्च(सशर्त)	14946026.49
	ग)विभिध खर्च खाता	388000.00	2	पुँजीगत तर्फ	81575448.56
	घ)प्रकोप मा मौज्दात	4293895.97		क) गाउँपालिका तर्फ	49316833.06
	ङ)धरौटी	2317941.08		ख)गाउँपालिका (कृषि)	1101093.50
	च) आन्तरिक राजश्व खातामा	621629.55		ग)सशर्त(संघ)	22350522.00
				घ)सशर्त(प्रदेश)	8807000.00
2	राजश्व (आन्तरीक आय)	605886.00	3	सामाजिक सुरक्षा (खर्च)	४२०२२४१।००
	क)घर बहाल बाट प्राप्त	0.00	4	बेरुजु (खर्च)	1031441.00
	ख) ठेक्का बाट प्राप्त राजश्व	132000.00	5	प्रकोप व्यवस्थापन कोष खर्च	0
	ग)		6	सर्शत फिर्ता)	24270129.51
	घ) परिक्षा शुल्क बाट प्राप्त	4000.00		क) चालु बाट	6620651.51
	ङ)डोजर सञ्चालन भाडा	0.00		ख) पुजीगत बाट	17649478.00
	च)अन्य आय	469886.00	7	धरौटी खर्च	0
	छ) बेरुजु बाट प्राप्त आय		8	मौज्दात	109387544.88
3	वित्तीय हस्तान्तरण (संघ)	127889178.00		क)नगद मौज्दात	
	क) वित्तीय समानिकरण अनुदान	66322500.00		ख)बैक मौज्दात बाडफाड बाट प्राप्त खाता	0.00
	ख)सर्शत अनुदान (चालु)	21566678.00		ग)बैक मौज्दात विविध खर्च	768942.50
	ग)समपुरक	7500000.00		घ)ने.बै.लि चालु	0.00
	घ)सशर्त अनुदान (पुँजीगत	11500000.00		ङ)ने.बै.लि पुजिगत	0.00
	ङ)बिषेश अनुदान	21000000.00		च)आन्तरिक राजश्व खाता	0.00
4	प्रदेश सरकारबाट प्राप्त अनुदान	11068000.00		ज)संचित कोष खाता	100612708.33
	क) वित्तीय समानिकरण अनुदान	2261000.00		झ)धरौटी मौज्दात	3711998.08
	ख)विशेष अनुदान	5504000.00		ञ)प्रकोप व्यवस्थापन कोष	4293895.97
	ग)समपुरक अनुदान	3303000.00	९	सामाजिक सुरक्षा (फिर्ता)	२५९७५९।००
5	राजश्व वाडफाड बाट प्राप्त	36820962.44			
	राजश्व वाडफाड बाट प्राप्त (सघं(	35594620.68			
	राजश्व वाडफाड बाट प्राप्त प्रदेश	1226341.76			
6	सामाजिक सुरक्षा कोष	४४६२०००.00			

7	धरौटी आय	1394057.00			
8	बिबिध खर्च खाता	380942.00			
9	अन्य आय(बेरुजु बाट)	192000.00			
	जम्मा	२७३१३९६३७/६१			२७३१३९६३७/६१

लयको नाम : **नार्पाभूमी गाउँपालिका , मनाङ ।**

आ.व. 2079।80

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २३ सभा सदस्य, ८३७.५४ वर्ग किलोमिटर क्षेत्रफल तथा ४४२ (२०७८ को जनगणना अनुसार) ३९६ जना जनसंख्या रहेको छ ।	
	वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिय अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • गाउँपालिका अन्तर्गत रहेका सबै वडा कार्यालय लगायतका अन्य सबै शाखावाट संकलित राजस्व दैनिक रूपमा बैक दाखिला गर्नुपर्ने देखिएको ।	
	आन्तरिक नियन्त्रण प्रणाली: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणालीका लागि खर्च मापदण्ड तयार गरि लागु गरेको पाईयो । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रत्येक बर्ष आषाढ भित्र बजेट पारित गर्नुपर्नेमा यस पालिकाले २०७९ असार १० मा नै बजेट पेश गरेको छ । • गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गर्नुपर्ने । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै आय कम्प्युटर प्रणाली मार्फत गर्ने कार्यलाई अगाडि बढाउनुपर्ने देखिएको।	

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
	• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिएको । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने । • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्नुपर्ने देखियो । • सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने । • गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गर्नुपर्ने । • वडा तथा शाखाहरूवाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडा तथा शाखागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेकोमा यसलाई सुधार गर्नुपर्ने देखिएको । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएकोले उक्त समिति गठन गर्नुपर्ने ।, • गाउँपालिकावाट आन्तरिक आयका विभिन्न दरहरु गाउसभावाट स्वीकृत गरी वडा तथा कार्यालय सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा गाउँपालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राख्नुपर्ने देखिएको । • आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले यसलाई नियमीत बनाउनुपर्ने देखिएको। • स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पतिको	

फा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
	संरक्षण गरेको अभिलेख राख्नुपर्ने । ● तसर्थ यसलाई आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । ● सार्वजनिक खरिद नियमावली २०६४ को नियम ठ र ड खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यबस्था रहेकोमा पालिकाले खरिद इकाई गठन गर्नु पर्ने देखिन्छ । ● स्थानिय सरकार संचालन ऐन , २०७४ को दफा ठड बमोजीम स्थानिय तह बाट संचालित योजना तथा कार्यक्रमहरुलाई प्रभाबकारी , दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण गर्नुपर्नेमा गा.पा. बाट संचालित कार्यक्रमा सार्वजनिक परीक्षण गरेको पाईएन ।	

<u>योजना र कार्यान्वयन</u> -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष वजेट छुट्याएका योजनाहरु देहायअनुसार छन्:

क्र. सं.	विवरण	योजना संख्या	रकम
१	रु १ लाख भन्दा कमको योजना	0	
२	रु एक लाख एक देखि पाँच लाख सम्मका योजना	9	
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	19	
४	दश लाख एक देखि ५० लाख सम्मा योजना	16	
५	५० लाख भन्दा माथिका योजनाहरु	7	
	जम्मा		

<u>चौमासिक पूँजीगत खर्च</u> -

आर्थिक वर्ष 2079/080को चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।

<u>पुँजीगत जम्मा बजेटः-106322500.00</u>

भौचर नं. मिति र ब्यहोरा						बेरुजू रकम
पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च			आषाढ महिनाको मात्र खर्च	
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक		
पूँजीगत खर्च	81575448.56	500000.00	17868731.64	63206716.92	60701666.42	
खर्च प्रतिशत						

चालु कुल बजेटः-

चाँलु खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च		
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक
चाँलु खर्च	52413073.66	11840150.60	9274187.02	31298736.04
खर्च प्रतिशत				

समग्र गा.पा मा cf=j= 2079.80 **मा चौमासिक खर्च विवरणः-**

जम्मा कुल बजेटः-

समग्र खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च		
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक
समग्र खर्च	133988522.22	12340150.60	27142918.66	94505452.96

सामाजिक सुरक्षाः

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद ४, दफा १६ मा स्थानीय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गर्नुपर्ने भएकोले समयमै सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने । साथै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण समयमै अद्यावधिक हुन नसकेको देखिएकोले समयमै अद्यावधिक गर्नुपर्ने देखिएका] .

पूँजीगत खर्चको स्थितिः

कार्यालयको कुल पूँजीगत खर्चको विश्लेषण गर्दा देहायअनुसारको खरिद विधिवाट रकम खर्च भएको

		बेरुजू रकम
	भौचर नं. मिति र ब्यहोरा	
	विवरण पेश भएको छ । सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ९८ मा अमानतवाट रु १ लाख सम्मको खर्च गर्न सक्नेमा पटक पटक गरी कार्यालयले अमानतवाट खर्च गरेको छ भने खर्चको ठुलो रकम उपभोक्ता समिति तथा लाभग्राहीवाट गराएको छ । उपभोक्ता समितिवाट गराएको कामको गुणस्तर परीक्षण लगायतका कार्य नभएको कारण यसको गुणस्तर तथा दिगोपनाको पक्ष कमजोर हुन सक्ने देखिदा उपभोक्ता समितिमार्फत धेरै कार्य गराउने परिपाटीमा सुधार गर्नुपर्दछ ।	

क्र.सं.	उपशीर्षकको नाम	खरिद विधि	संख्या
१	नार्पाभूमी गाउँपालिका पुँजीगत, संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम, गण्डकी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम	खुला बोलपत्रवाट	6
		सिलबन्दी दरभाउपत्रवाट	
		सोझै	
		अमानतवाट	
		उपभोता समिति वा लाभग्राही समुदायवाट	40
		गैर सरकारी संस्थावाट .	
		कन्टीन्जेन्सीवाट	१
		जम्माः	

अन्तर सरकारी अख्तियारी तर्फको पुँजीगत खर्चको विवरण	?150000.00 -c;'n_
पुँजीगत तर्फ. पेश्की फर्छौट कार्यालयले देहायअनुसार पेश्की फर्छ्यौट नगरेकोले आर्थिक कार्यविधि नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार तथा मोविलाइजेशन पेश्कीको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम पेश्की फर्छ्यौट गर्नुपर्ने . गो.भौ .न.१२ कृषी अन्तर्गत को १) ताजा तरकारी विषेयक तालिम (नार गाँउ) बापत मिति २०८०.03.०८ df लिएको रु ७५०००।०० २) ताजा तरकारी विषेयक तालिम (फूँ गाँउ) बापत मिति २०८०.03.०८ df लिएको रु ७५०००।०० गरी जम्मा रु १५००००।०० पेश्की लिएको देखिन्छ । तर पेश्की फर्छौट गरेको देखिएन उक्त रकम बिरेन्द्र सिं बोहरा बाट असुल हुनुपर्ने देखिन्छ ।	
चालु तर्फ	

नाम : नार्पाभूमी गाउँपालिका , मनाङ ।

आ.व. 2079।80

	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	बहाल कर : गो.भौ.नं. ७० मा मिति २०७९।०८।२५ गते अन्य भाडा खर्च भएको तर बहाल कर रु १८०००।०० को १० प्रतिशत का दरले हुन आउने रु १८००।०० बिरेन्द्र सि बोहरा बाट असुल हुनुपर्ने । गो भौ न ८० मा मिति २०७९।०८।२७ मा अन्य भाडा बाट रु ७८३५०।०० भुक्तानी भएको तर बहाल कर कट्टी गरेको देखिएन उक्त रकम को १० प्रतिशत ले हुन आउने रकम रु ७८५०।०० बिरेन्द्र सि बोहरा ले बुझाउने पर्ने ।	
	शसर्त चालु तर्फ **स्वीकृत बिल बिना भुक्तानी .(भ्रमण बिल).** भ्रमण खर्च नियमावली २०७२ अनुसार कुनै पनि व्याक्ती ले भ्रमण गरेपछी स्वीकृत बिलको आधारमा भुक्तानी पाउने व्यावस्था छ तर निम्नानुसार व्याक्ती हरुको स्वीकृत बलि बिना भुक्तानी भएको देखिन्छ। १) गो.भौ.न. ४८ मिति २०७९।०५।२० देखि २३ सम्म को भ्रमण बिल (सोनाम छेटे घले) २) गो .भौ.न. ५३ मिति २०७९।०८।०७ देखि ११ सम्मको भ्रमण को स्वीकृत बिल बिना भुक्तानी (राजेन्द्र श्रेष्ठ) ३) गो.भौ.नं. ५३ मिति २०७९।०८।०८ देखि १० सम्मको भ्रमण बिल स्वीकृत नभएको (विनिता कुमारी यादब) ४) गो.भौ.नं ५३ मिति २०७९।०८।०८ देखि १० सम्मको भ्रमण बिल स्वीकृत नभएको (गोविन्द देवकोटा) ५) गो.भौ.नं.५३ मिति २०७९।०८।०५ देखि २०७९।०८।०८ सम्मको भ्रमण मा स्वीकृत नभएको (गोविन्द देवकोटा)	

का	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम
	६) गो.भौ.नं.५३ मिति २०७९।०८।०५ देखि २०७९।०८।०८ सम्मको भ्रमण विल स्वीकृत विना भुक्तानी (सोनाम छेटे घले) ७) गो.भौ.नं.५३ मिति २०७९।०७।२३ देखि २६ सम्मको भ्रमण स्वीकृत विना रकम भुक्तानी भएको (सोनाम छेटे घले) ८) गा.भौ.न.५३ मिति २०७९।०७।२३ देखि २६ सम्मको भ्रमण विल स्वीकृत नभएको (विनिता कुमारी यादव) **पारिश्रमिक कर** आयकर नियमावली २०५९ अनुसार दैनिक रुपमा प्राप्त गर्ने कामदार वा कर्मचारी ले भुक्तानी लिदा पारिश्रमिक कर कट्टि गर्नु पर्ने कुरा उल्लेख गरेको छ । १) गा.भौ.न. ३८ मा सोनाम छेटे घले ले परिश्रमिक कर नबुझाई भुक्तानी लिएको देखियो उक्त रकम बुझाउनु पर्ने । रु ४५०।००(असुल) **अग्रिम आय कर** आयकर ऐन २०५८ को परिच्छेद १७ मा उल्लेख भए अनुसार लगानी बाट भएको आय ,लाभांश,रोजगारीको आय,सेवा शुल्क , ठेक्का पट्टा को भुक्तानी को अवस्थामा अग्रिम कर बुझाउनुपर्ने व्यवस्था छ। तर उक्त कर नकाटी भुक्तानी भएको देखियो र उक्त कर बुझाउनु पर्ने १) गो भौ न १६३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम को भुक्तानी हुदा अग्रिम आय कट्टी नगरी भुक्तानी गरेको पाईयो उक्त रकम मनिसा बि क ले बुझाउनु पर्ने । रु ६००।००(असुल) २) गो भौ न १६४ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सचालन निर्देशिका २०७७ बमोजीम कार्यक्रम को भुक्तानी हुदा अग्रीक कर ककाटी भुक्तानी गरेको पाईयो उक्त रकम रन्जना चनरा ले बुझाउनु पर्ने । रु १०००।००(असुल)	
	शिक्षा तर्फ **<u>विद्यालय शिक्षक दरवन्दी तथा विद्यार्थी संख्याः</u> विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या अनुसार विद्यालय शिक्षक र शिक्षिकाको व्यवस्था गरिनुपर्दछ। विद्यार्थी संख्याको घटी वढी भएमा कार्यरत शिक्षक शिक्षिकाको समेत समायोजन र विद्यालय समेत मर्ज गरी पालिकाको आर्थिक व्यय**	

	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	भार कम गर्नुपर्दछ । कम विद्यार्थी भएका विद्यालयहरू निम्न छन् ।	

सि.न	विद्यालयको नाम	संचालित कक्षा	विद्यार्थी संख्या	कार्यरत शिक्षक,शिक्षिका
१	नार आधारभुत विद्यालय	१ देखि ५ सम्म	10	1 hgf lg=df=la= -स्थायी) ३ जना प्रा.वि. (स्थायी) १ जना बालबिकास ३ जना मन्टेश्वरी
२	फू आधाभुत बिद्यालय	१ देखि ५ सम्म	15	२ जना प्रा.वि. १ जना अस्थायी २ बालबिकास

****

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याखुँ, मनाङ
गण्डकी प्रदेश, नेपाल

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
नार्पाभूमी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
च्याखुँ , मनाङ ।

मिति : २०८०।०५।१

विषय :- आ.ले.प. प्रतिवेदन पेश गरेको ।

प्रस्तुत विषयमा नार्पाभूमी गाउँपालिकाको आ.व. ०७९/०८० को आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरि आन्तरिक लेखापरीक्षण प्रतिवेदन पाना १० यसैसाथ पेश गरेको व्यहोरा अनुरोध गदर्छु ।

आन्तरिक लेखापरीक्षण सहायक
चिरञ्जीवी सिग्देल